वर्ष २०८१/८२ का लागि सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा देहाय बमोजिम निर्धारण गरी सिफारिस गरिएको छ :

१. नेपाल सरकार

नेपालको समष्टिगत आर्थिक स्थिति, राजस्व र खर्चको अनुमान र बजार सहजता समेतको विश्लेषण गरी नेपाल सरकारले आर्थिक वर्ष २०८१/८२ का लागि अनुमानित कूल गार्हस्थ उत्पादनको ५.० प्रतिशतमा नबढ्ने गरी राष्ट्रिय नीति/योजनामा आधारित भई लागत लाभ विश्लेषण (Cost benefit Analysis) बाट आन्तरिक प्रतिफल दर (Internal Rate of Return- IRR) वा खुद वर्तमान मूल्य (Net Present Value-NPV) उपयुक्त देखिएका आयोजना/परियोजना कार्यान्वयनका लागि आन्तरिक ऋण उठाउन सक्नेछ। साथै, राष्ट्रिय गौरवका आयोजना, रुपान्तरणकारी आयोजना र मध्यमकालीन खर्च संरचना अन्तर्गतको पहिलो प्राथमिकता प्राप्त आयोजना कार्यान्वयनका लागि रकम नपुग भएमा आयोगले देहायको प्रकरण २ र ३ अनुसार प्रदेश र स्थानीय सरकारलाई सिफारिस गरिएको आन्तरिक ऋणको सीमा मध्ये प्रदेश र स्थानीय सरकारले उक्त आर्थिक वर्षमा परिचालन नगरेको हदसम्म, कुल गार्हस्थ उत्पादनको ०.५ प्रतिशतले नबढ्ने गरी थप आन्तरिक ऋण परिचालन गर्न सक्नेछ।

२. प्रदेश सरकार

प्रदेश सरकारहरुले आन्तरिक ऋण परिचालनको संरचनागत र प्रकृयागत प्रबन्ध पूरा भएको अवस्थामा आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम र प्रदेश सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकमको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी राष्ट्रिय र प्रादेशिक नीति/योजनामा आधारित भई लागत लाभ विश्लेषणबाट आन्तरिक प्रतिफल दर (Internal Rate of Return- IRR) वा खुद वर्तमान मूल्य (Net Present Value-NPV) उपयुक्त देखिएका आयोजना/परियोजना कार्यान्वयनका लागि नेपाल सरकारको स्वीकृतिमा आन्तरिक ऋण उठाउन सक्नेछन्।

३. स्थानीय सरकार

स्थानीय सरकारहरुले आन्तरिक ऋण परिचालनको संरचना र प्रकृयागत प्रबन्ध पूरा भएको अवस्थामा आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम र स्थानीय सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकमको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी राष्ट्रिय, प्रादेशिक र स्थानीय नीति/योजनामा आधारित भई लागत लाभ विश्लेषणबाट आन्तरिक प्रतिफल दर (Internal Rate of Return- IRR) वा खुद वर्तमान मूल्य (Net Present Value-NPV) उपयुक्त देखिएका आयोजना/परियोजना कार्यान्वयनका लागि आन्तरिक ऋण उठाउन सक्नेछन्।

## ङ. आन्तरिक ऋण उठाउने सीमा सम्बन्धमा आयोगका सुझावहरू

आन्तरिक ऋणको परिचालनको सन्दर्भमा आयोगको तर्फबाट निम्न बमोजिमका सुझावहरू दिइएको छः

क. आयोजनाहरुको लागत लाभ विश्लेषण (C/B Analysis), खुद वर्तमान मूल्य (NPV) र आन्तरिक प्रतिफल दरको विश्लेषण गरी प्रचलित पुँजीको लागत भन्दा वित्तीय आन्तरिक प्रतिफल दर (Financial internal rate of return- FIRR) बढी भएका नाफामूलक (Bankable) आयोजना र आर्थिक आन्तरिक प्रतिफलदर (Economic internal rate of return- EIRR) बढी भएका सामाजिक क्षेत्रका आयोजनामा मात्र आन्तरिक ऋणको उपयोग गर्ने ।



सदस्य

सदस्य

अध्यक्ष

ख. ऋण लगानी गरी सञ्चालन हुने क्रमागत आयोजना वा नयाँ आयोजनाको पहिचान, विकास र छनौट गर्दा अन्य विषयका अतिरिक्त आयोजना वा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त हुने प्रतिफलबाट ऋण लगानीको साँवा र ब्याज भुक्तानी गर्न सकिने सुनिश्चित गर्ने र उत्पादन वृद्धि, रोजगारी सिर्जना, आय वृद्धि, पूर्वाधार विकास र पुँजी निर्माण हुने खालका पूर्व तयारी सम्पन्न भएका आयोजना/परियोजनामा मात्र आन्तरिक ऋण परिचालन गर्ने ।

ग. आंन्तरिक ऋण परिचालनको लागि आवश्यक सम्पूर्ण पूर्वाधार तथा संरचनाहरु विकास भइसकेको अवस्थामा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १४ मा उल्लेख भए बमोजिम नेपाल सरकारको स्वीकृति प्राप्त भएपछि मात्र प्रदेश र स्थानीय सरकारहरुले आन्तरिक ऋणलाई बजेटमा स्रोतको रुपमा उल्लेख गर्ने र तीन वटै तहका सरकारहरुले बजेट तर्जुमा गर्दा आयोजना/कार्यक्रमको स्रोतगत विवरण खण्डमा अनिवार्य रुपमा आन्तरिक ऋण उल्लेख गर्ने।

घ. नेपाल राष्ट्र बैंकले तीन तहका सरकारलाई उपलब्ध गराएको तर एक वर्ष भित्र फरफारक हुन नसकेको अधिविकर्ष कर्जा (Overdraft loan), स्थानीय शहरी पूर्वाधारका क्षेत्रमा ऋण प्रवाह गर्ने प्रयोजनका साथ स्थापना भएका नगर विकास कोष जस्ता विशिष्टीकृत वित्तीय मध्यस्थकर्ता संस्था र अन्य कानुन बमोजिम सार्वजनिक दायित्व सिर्जना हुनेगरी वा सरकार जमानत/प्रतिजमानत बसी प्रवाह गरिने जुनसुकै प्रकृतिका ऋणहरु समेतलाई आयोगले सिफारिस गरेको सम्बन्धित सङ्घीय इकाईको आन्तरिक ऋणको सीमाभित्र व्यवस्थित गर्ने।

ङ. सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमार्फत नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले तीनवटै तहबाट परिचालित आन्तरिक ऋण र समग्र सार्वजनिक ऋणको एकीकृत विद्युतीय सूचना व्यवस्थापन, लेखाङ्कन र प्रतिवेदन प्रणालीको व्यवस्था मिलाउने, त्यस्तो प्रणालीमाथि आयोगको समेत पहुँच रहने गरी सुविधा प्रदान गर्ने ।

च. आन्तरिक ऋणको अल्पकालीन उपकरण प्रयोग गरी उठाइने सार्वजनिक ऋण बजारमा ब्याजदर न्यून भएको समयमा उठाउने व्यवस्था मिलाउने र अल्पकालीन ऋण उपकरणको नवीकरणलाई समेत नयाँ ऋणको रुपमा बजेट प्रस्तावमा समावेश गरी संसदबाट अनुमोदन गरेरमात्र परिचालन, लेखांकन र प्रतिवेदन गर्ने ।

छ. तीनवटै तहका सरकारहरुबाट राजस्व र व्ययको अनुमान सभामा पेश भएपछिको विवरण र हरेक आर्थिक वर्षको अन्तिमसम्मको आन्तरिक ऋण परिचालनको अनुमानित र वास्तविक रकमको विवरण क्षेत्रगत, आयोजनागत, शीर्षकगत र स्रोतगत रुपमा खुलाई वार्षिक रुपमा यस आयोगमा उपलब्ध गराउने व्यवस्था मिलाउने ।

ज. आन्तरिक ऋण परिचालनलाई भविष्यको राजस्व वर्तमानमा खर्च गरे सरह मानिने भएकोले आन्तरिक आम्दानीबाट आन्तरिक ऋणको सावाँ ब्याज भुक्तानी गर्न सकिने अवस्थामा पुग्न तीन तहका सरकारले सिफारिस भएको सीमा बमोजिमको आन्तरिक ऋण परिचालन र राजस्व सुधार कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

सदस्य

सदस्य

अध्यक्ष